संघीय संसद

## प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल गरी तयार गरिएको प्रतिवेदन ।

सम्माननीय सभामुखज्यू,
प्रतिनिधि सभा ।

सम्माननीय सभामुख महोदय,

प्रतिनिधि सभाको मिति २०७५ भदौ २१ गतेको रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्राप्त संशोधनसहित दफावार छलफलको लागि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा पठाउने निर्णय भए बमोजिम यो विधेयक यस समितिमा मिति २०७५/५/२४ मा प्राप्त भएको थियो । यस समितिले उक्त विधेयकको सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग सैद्धान्तिक तथा दफावार छलफल गरेको थियो । नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा व्यवस्था भएको रोजगारीको हक सम्वन्धी व्यवस्था अनुरुप सो हकलाई कार्यान्वयनमा लैजान, संविधान प्रदत्त मौलिक हकको प्रत्याभूत गर्न, नेपाल सरकारले ल्याएको विधेयकको सम्वन्धमा यस समितिमा दफावार छलफल गरी तयार गरिएको प्रतिवेदनलाई समितिको २०७५/५/२६ गते बसेको बैठकले सर्वसम्मतिले पारित गरेको छ ।

नेपालको संविधानको धारा ३३ मा प्रत्याभूत गरिएको नागरिकको रोजगारीको हकलाई सुनिश्चित गर्न, देशको सामाजिक तथा आर्थिक विकासको मेरूदण्डको रुपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यवसायिक बनाई स्वदेशमा नै रोजगारीका अवसर अभिवृद्धि गर्न यस विधेयकले महत्वपूर्ण भुमिका खेल्ने छ। प्रस्तुत विधेयकको मुलभूत विशेषताहरुको रुपमा विधेयकको प्रस्तावनामा प्रत्येक नागिरकलाई रोजगारीको हक सुनिश्चित गरिएको र क्षमता अनुसार रोजगारी छनौट गर्ने अवसर प्रदान गरिने व्यवस्था उल्लेख गरिएको, रोजगारीमा रहेको व्यक्तिलाई रोजगारीबाट हटाउन नपाइने, बेरोजगार व्यक्तिले सहायता पाउने, तीन तहको सरकारबाट आवश्यक रोजगार कार्यक्रम सञ्चालन गरिने, नेपाल सरकारले रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार उपलव्ध गराउन नसकेमा एक आर्थिक वर्षमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले

तोकेको न्यूनतम पारिश्रमिकको १०० दिन बराबरको रकमको पचास प्रतिशत रकम तोकिएको शर्तको अधीनमा रही निर्वाह भत्ता उपलव्ध गराउने व्यवस्था गरेको छ। यस विधेयक अन्तर्गतको कुनै कसूर गरेमा न्यायिक उपचारको समेत व्यवस्था रहेको छ ।

यो विधेयक पारित गर्ने काममा सहयोग पुर्याउनु हुने समितिका सम्पूर्ण सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालयका पदाधिकारीहरू, सरोकारवाला समूह, संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव, सचिवालयका सचिवहरू, समिति सचिवालयका सम्पूर्ण कर्मचारीहरू एवं पत्रकारहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

अब म रोजगारीको हक सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल गरी समितिबाट पारित गरिएको प्रतिवेदन प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२० बमोजिम यस सम्मानित सदन समक्ष पेश गर्दछु ।

धन्यवाद ।

मितिः २०७५।०५।२८

(मुकुन्द न्यौपाने)
जेष्ठ सदस्य
उद्योग तथा वाणिज्य र श्रम
तथा उपभोक्ता हित समिति

# रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन

१. **विधेयकको दफा २ मा संशोधनः** विधेयकको दफा २ को,–

(१) खण्ड (घ) मा रहेका "अविवाहिता छोरा छोरी अविवाहिता धर्मपुत्र धर्मपुत्री" भन्ने शव्दहरुको सट्टा "छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री,"भन्ने शव्दहरु राखे।

(२) खण्ड (ज) मा रहेको "ज्ञान" भन्ने शव्द पछि "श्रोत, साधन" भन्ने शव्दहरु थप्ने ।

(३) खण्ड (झ) मा रहेका "दर्ता भएका" भन्ने शव्दहरुको सट्टा "सञ्चालनमा रहेका" भन्ने शव्दहरु राखे।

२. **विधेयकको दफा ७ मा संशोधनः** विधेयकको दफा ७ को उपदफा (१) मा रहेको "व्यक्तिलाई" भन्ने शव्द पछि "प्रचलित" भन्ने शव्द थप्ने।

३. **विधेयकको दफा ८ मा संशोधनः** विधेयकको दफा ८ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफा क्रम मिलाउनेः–

"(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा महिला, दलित, आर्थिक रूपले विपन्न व्यक्ति, शहिद परिवार र वेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्राथमिकता दिनु पर्नेछ।"

४. **विधेयकको दफा ११ मा संशोधनः** विधेयकको दफा ११ को उपदफा (२) पछि देहायको उपदफा (३) थप्नेः-

"(३)रोजगार सेवा केन्द्रले उपदफा (२) बमोजिमको अद्यावधिक अभिलेख तोकिए बमोजिम नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारलाई उपलव्ध गराउनु पर्नेछ।"

५. **विधेयकको दफा १३मा संशोधनः** विधेयकको दफा १३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखेः-

"(४) रोजगार सेवा केन्द्रले यस दफा बमोजिमको रोजगारदाताको विवरण मन्त्रालय र सम्बन्धित प्रदेश सरकारलाई पठाउनु पर्नेछ।"

६. **विधेयकको दफा १६ मा संशोधनः** विधेयकको दफा १६ को उपदफा (२) मा रहेका "सार्वजनिक क्षेत्रको रोजगारदाताले" भन्ने शव्दहरू पछि "प्रचलित कानून बमोजिम" भन्ने शव्दहरू थपी सोही उपदफामा रहेको "निजी क्षेत्रको रोजगारदाताले निजको योग्यता र सीप अनुसारको" भन्ने शव्दहरू पछि "उपलव्ध" भन्ने शव्द थप्ने ।

७. **विधेयकको दफा १७ मा संशोधनः** विधेयकको दफा १७ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफा क्रम मिलाउनेः–

"(२) प्रदेश र स्थानीय तहमा तोकिए बमोजिम निर्देशक समिति रहनेछन् ।"

८. **विधेयकको दफा १८ मा संशोधनः** विधेयकको दफा १८ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफा क्रम मिलाउनेः-

"(२) रोजगारदाता र श्रमिकको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित दुई जनालाई समितिको बैठकमा आमन्त्रण गरिनेछ।"

९. **<u>विधेयकको दफा १९ मा संशोधनः</u>** विधेयकको दफा १९ मा देहायको खण्ड (क) थपी खण्डक्रम मिलाउनेः-
"(क) श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलव्धताको विश्लेषण र प्रक्षेपण गर्ने,"

१०.**<u>विधेयकको दफा २० मा संशोधनः</u>** विधेयकको दफा २० को उपदफा (१) को खण्ड (ग) मा रहेको "मार्फत"भन्ने शव्द पछि "स्वरोजगारको लागि" भन्ने शव्दहरू थप्ने ।

११.**<u>विधेयकको दफा २१ मा संशोधनः</u>** विधेयकको दफा २१ को,–

(१) दफा शीर्षकमा रहेका "अनिवार्य" भन्ने शव्द झिक्ने।

(२) उपदफा (१) मा रहेका "तोकिए बमोजिम" भन्ने शव्दहरूको सट्टा "तोकिए बमोजिमको" भन्ने शव्दहरू राख्ने ।

१२.**<u>विधेयकको दफा २२ मा संशोधनः</u>** विधेयकको दफा २२ को उपदफा (५) मा रहेका "अवकाश सुविधा लिइरहेका वा" भन्ने शव्दहरू पछि "सामाजिक सुरक्षा कोष वा" भन्ने शब्दहरु र "नेपाल सरकारको सहायता सम्बन्धी अन्य कोषबाट" भन्ने शब्दहरु पछि "वा रोजगारदाता" भन्ने शव्दहरू थप्ने ।

१३.**<u>विधेयकको दफा २६ मा संशोधनः</u>** विधेयकको दफा २६ कोउपदफा (१) को,–

(१) खण्ड (क) मा रहेका "पाँच हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म" भन्ने शव्दहरूको सट्टा "पच्चीस हजार रूपैयाँ" भन्ने शव्दहरू राख्ने ।

(२) खण्ड (ख) मा रहेका "दश हजार रूपैयाँसम्म" भन्ने शव्दहरूको सट्टा "दश हजार रूपैयाँ" भन्ने शव्दहरू राख्ने ।